
Vol.02
नेपाली
भिविन्न देशका बिदेसीहरुको लागि समाचार
Ota City Navigation
2019.7



# ओता सहर शान्ति सहर घोषणा स्मारक कार्यक्रम “हानाबी (आतसबाजी) उत्सव”

ओता सहरमा शान्तिको लागि प्राथना सहित “हानाबी (आतसबाजी) उत्सव” मनाइन्छ। यस पटक लगभग 5,000 वटा आतसबाजीलाई आकाशमा उडाइ पड्काइनेछ।



### कहिले

**अगस्ट 15 तारिख, बिहीबार 6:00 pm देखी 8:10 pm सम्म**

*7:30 pm देखि 8:10 pm सम्म आतसबाजी आकाशमा उडाएर पड्काइनेछ।

*मौसम खराब भएमा रद्द गरिनेछ।

### Programa

**कार्यक्रम**

**आकर्षक प्रस्तुतिहरू**

- **ज्याज: सोनोदा केन्इची र देकिसीकिङ्ग्स्**
- **जापानको ताइको (ड्रम), वादाइको: ओता सहर ताइको संघn**

**शान्ति स्मारक समारोह**

**पड्काउने आतसबाजीको सङ्ख्या (लगभग 5,000 वटा)**

### यातायात

- खेइहिन क्युको लाइन “रोकुगोदोते” स्टेसनबाट हिँडेर लगभग 5 मिनेट
- खामाता स्टेसन पश्चिमी एग्जिटबाट “रोकुगोदोते” जाने तोक्यु बसमा चढेर “रोकुगोदोते” मा ओर्लने। बसबाट ओर्लेपछि हिँडेर लगभग 3 मिनेट

*बेलुकाको 5 बजेदेखि 10 बजेको समयमा, “ताकाहाता प्राथमिक विद्यालय” बाट फर्काएर चलाउने योजना

- खामाता स्टेस्न पूर्वी एग्जिटबाट “(रोकुगोबासी भएर) हानेदा स्याको” जाने खेइक्यु बसमा चढेर “रोकुगोबासी” मा ओर्लने। बसबाट ओर्लेपछि हिँडेर लगभग 7 मिनेट

*यस ठाउँमा गाडि लिएर आउन सकिनेछैन। साथै, कार्यक्रम स्थलमा सीमित साइकल मात्र राख्न सकिने ठाउँ भएकोले सकेसम्म हिँडेर अथवा सार्वजनिक यातायातको प्रयोग गर्नुहोस्।

### कहाँ

तामागावा नदीको किनार (निसिरोकुगो 4 च्योमे नजिक)

*कार्यक्रमको दिन भुइँमा ओछ्याउने र पानीबाट बचाउने सामान तयार गरेर आउनुहोस्।

### सम्पर्क

संस्कृति प्रवर्द्धन शाखा, संस्कृतिक कार्यक्रम जिम्मेवार कर्मचारी

☎ 03-5744-1226　FAX 03-5744-1539

*अगस्ट 14 तारिखदेखि 15 तारिख भित्रको अवधिमा, यस कार्यक्रमको लागि मात्र व्यवस्था गरिएको निम्न फोन नम्बरमा फोन गर्नुहोस्।

☎ 0180-99-3838

## गर्मी बिदा सङ्ग्रहालय र स्मारक भवन कुइज र्‍याली

**ओता सहरको सङ्ग्रहालय र स्मारक भवनमा कुइज र्‍यालीको आयोजना गरिनेछ। रमाइलो वातावरणमा कला तथा संस्कृतिलाई नजिकबाट नियालेर हेर्नुहोस्। सहभागीहरूलाई कुइज र्‍यालीको सीमित हानेप्योन स्टिकर प्रदान गरिनेछ। साथै गोलाप्रथाबाट चयन भएको आवेदकलाई उपहारको व्यवस्था गरिएको छ।**

### भाग लिन पाउने व्यक्ति

शहर भित्रको प्राथमिक र निम्न माध्यामिक विद्यालयको विद्यार्थी तथा अभिभावक

### कहिले

जुलाइ 20 तारिख (शनिबार) देखि अगस्ट 25 तारिख (आइतबार) सम्म

### कहाँ

●क्योदो हाकुबुचुखान् ●ओमोरि नोरिनो-फुरुसातोखान् ●र्‍युसी किनेन्खान् ●कुमागाइ चुनेको किनेन्खान् ●सान्नो सोदो किनेन्खान् ●ओजाकी सिरो किनेन्खान् ●तामागावादाइ कोएन कोफुन तेन्जिसिचु ●सुमी ग्यालरी ●इगारासी केन्जी किनेन् सेन्ताकु सिर्‍योखान् ●स्योवानो कुरासी हाकुबुचुखान्

कुल 10 भवनहरू

सम्पर्क

संस्कृति प्रवर्द्धन शाखा, संस्कृतिक कार्यक्रम जिम्मेवार कर्मचारी
☎ 03-5744－1226　FAX 03-5744－1539

## प्रिमियम भएको सामान कुपन सम्बन्धी जानकारी

**उपभोग कर वृद्धि हुने हुनाले, निवासी कर छुट व्यक्ति र बालबालिका भएको परिवारको लागि अधिकतम 20 हजार येनले 25 हजार येनको किनमेल गर्न सकिने, प्रिमियम भएको सामान कुपन बिक्री गरिनेछ।**

निम्न मध्ये कुनै एकमा पर्ने व्यक्ति (दुबैमा पर्ने व्यक्तिले पनि खरिद गर्न सक्नेछ)

- आर्थिक वर्ष 2019 को निवासी कर छुट भएको व्यक्ति (जीवन निर्वाहको लागि सरकारबाट पैसा आदि लिइरहेको व्यक्ति, कर लाग्ने व्यक्तिसँग जिवन निर्वाह गररिरहेको पति वा पत्नी र डिपेन्डेन्ट परिवार (आश्रित व्यक्ति) तथा परिवारको कम्पनी (व्यापार) मा काम गरिरहेको व्यक्ति बाहेक)
- 2016 साल अप्रिल 2 तारिखदेखि 2019 साल सेप्टेम्बर 30 तारिखसम्ममा जन्मिएको बच्चा भएको परिवारको घरधनी




### कहिले

सामान कुपन बिक्री अवधि: 2019 साल सेप्टेम्बर 24 तारिखदेखि 2020 साल जनावरी 31 तारिखसम्म

सामान कुपन प्रयोग म्याद: 2019 साल अक्टोबर 1 तारिखदेखि 2020 साल फेब्रुअरी 29 तारिखसम्म

### आवेदन दिने तरिका

जुलाइको अन्तिम तिर कुपन खरिदको दायरामा पर्ने कर छुट व्यक्तिलाई आवेदन फारम पठाइनेछ।

सेप्टेम्बर 10 तारिख वा सोभन्दा पछि बालबालिका भएको परिवारको व्यक्तिलाई र आवेदन फारम बुझाएको व्यक्तिलाई एक्सचेन्ज टिकट पठाइनेछ।

### खरिद गर्ने ठाउँ

एक्सचेन्ज टिकट र परिचय पत्र लिएर ओता सहरको पोस्ट अफिसमा जानुहोस् र खरिद गर्नुहोस्।

सम्पर्क

ओता सहर, प्रिमियम भएको सामान कुपन कार्यालय
☎ 03-5744-1358
FAX 03-5744-1528

## ओता सहरलाई निष्क्रिय धूम्रपान नहुने सहर बनाउनको लागि ~सामान्यतया रेस्टुरेन्ट आदि भित्र धूम्रपान निषेध गरिनेछ~










**2020 साल अप्रिल 1 तारिखदेखि सामान्यतया भवन भित्र धूम्रपान निषेध गरिनेछ।**

रेस्टुरेन्टहरूले 2019 साल सेप्टेम्बर 1 तरिखदेखि "धूम्रपान निषेध", "धूम्रपान कोठा छ" आदि लेखेर रेस्टुरेन्ट बाहिर राख्नुपर्नेछ। अगस्टदेखि ओता सहरको रेस्टुरेन्टहरूमा पर्चा र चिन्ह भएको स्टिकर आदि क्रमबद्ध रूपमा पठाउने योजना छ।

विस्तृत जानकारीको लागि सहरको होमपेज हेर्नुहोस्।

QR कोड

सम्पर्क

स्वास्थ्य प्रवर्द्धन शाखा, स्वास्थ्य प्रवर्द्धन जिम्मेवार कर्मचारी
☎03-5744-1661　FAX 03-5744-1523

## ओता सहरको फोहोर वर्गीकरण एप्लिकेसन प्रयोग गर्नुहोस्


**2017 साल नोभेम्बरदेखि स्मार्ट फोनको नि:शुल्क एप्लिकेसन सुरु गरिएको छ। फोहोर क्यालेन्डर हेर्ने, फोहोर वर्गीकरण शब्दकोशमा नबुझेको फोहोरबारे जानकारी लिने, अलर्ट सेवाको प्रयोग गरेमा फोहोर सङ्कलनको अघिल्लो दिन वा फोहोर सङ्कलनको दिन सूचना प्राप्त गर्न सकिने जस्ता अन्य धेरै कुराहरू गर्न सकिने हुनाले, यस एप्लिकेसनको प्रयोग गर्नुहोस्।**

एप्लिकेसन डाउनलोड गर्नको लागि, "App Store" अथवा "Google Play" मा "大田区ごみ分別 (ओता सहर फोहोर वर्गीकरण)" टाइप गरेर खोज्नुहोस्।

**ओता सहर फोहोर वर्गीकरण एप्लिकेसन (विदेशी भाषा संस्करण) QR कोड**

iPhone को लागि

Android को लागि




सम्पर्क

सरसफाइ साखा, सरसफाइ रिसाइकल जिम्मेवार कर्मचारी
☎ 03-5744-1628　FAX 03-5744－1550

## नागरिक स्वास्थ्य बिमाको प्रयोग अधिकार गुमाएपछिको चिकित्सा खर्च फिर्ता

**काम गर्ने ठाउँको स्वास्थ्य बिमामा आबद्ध भएको खण्डमा वा ओता सहरबाट अन्य ठाउँमा घर सरेको खण्डमा, अनिवार्य रूपमा ओता सहरको नागरिक स्वास्थ्य बिमा रद्द गर्नको लागि आवेदन दिई, ओता सहरको बिमा कार्ड फिर्ता गर्नुहोस्।**

काम गर्ने ठाउँको स्वास्थ्य बिमामा आबद्ध भएको खण्डमा वा ओता सहरबाट अन्य ठाउँमा घर सरेको खण्डम, अन्य बिमामा आबद्ध भएको दिन वा ओता सहरबाट अन्य ठाउँमा घर सरेको दिन पछि ओता सहरको नागरिक स्वास्थ्य बिमाको प्रयोग गर्न पाउने अधिकार नरहने हुनाले, ओता सहरको नागरिक स्वास्थ्य बिमाको बिमा कार्ड प्रयोग गर्न सकिँदैन।

प्रयोग अधिकार नरहेको अवधिमा ओता सहरको नागरिक स्वास्थ्य बिमाको बिमा कार्ड प्रयोग गरी स्वास्थ्य संस्थामा जाँच गराएको खण्डमा, ओता सहरले बेहोरेको चिकित्सा खर्च (कुल चिकित्सा खर्चको 70% देखि 90%) फिर्ता गरी, आफैले आफू आबद्ध भएको स्वास्थ्य बिमा आदिलाई रकम बेहोर्न लगाउनुपर्नेछ।

नयाँ बिमा कार्ड जारी गरिनु अगाडि स्वास्थ्य संस्थामा जाँच गराउने बेला, प्रक्रिया गरिरहेको स्वास्थ्य बिमा आदिसँग सल्लाह गरी, स्वास्थ्य संस्थामा पनि प्रक्रिया भइरहेको कुरा भन्नुहोस्।

सम्पर्क

नागरिक स्वास्थ्य तथा पेन्सन शाखा, नागरिक स्वास्थ्य सुविधा जिम्मेवार कर्मचारी
☎ 03-5744－1211　FAX 03-5744－1516

## निवासी कर भुक्तानी म्याद बारे

आर्थिक वर्ष 2019 को विशेष सहर कर तथा महानगरपालिका कर (निवासी कर) को सामान्य भुक्तानी भागको भुक्तानी म्याद जुलाइ 1 तारिख, सेप्टेम्बर 2 तारिख, अक्टोबर 31 तारिख र 2020 साल जनावरी 31 तारिख रहेको छ।

दोस्रो चरणको भुक्तानी म्याद सेप्टेम्बर 2 तारिख भएको हुनाले, म्यादसम्ममा भुक्तानी गर्नुहुन अनुरोध गर्दछौं।

हलुका सवारी साधन कर (हलुका गाडी र मोटरसाइकल) को भुक्तानी म्याद मे महिनाको 31 तारिख थियो। अझै भुक्तानी नगर्नुभएको व्यक्तिले तुरुन्तै भुक्तानी गर्नुहोस्। भुक्तानी गर्न नबिर्सने, खाताबाट ट्रान्सफर गर्ने सेवा पनि उपलब्ध छ। विस्तृत जानकारीको लागि सम्पर्क गर्नुहोस्।

सम्पर्क

कर भुक्तानी शाखा, कर सङ्कलन प्रवर्द्धन जिम्मेवार कर्मचारी
☎03-5744－1205　FAX 03-5744－1517

# प्रारम्भिक जापानी भाषा क्लास



**यो प्रारम्भिक जापानी भाषा सिक्न चाहनेहरूको लागि आयोजना गरिएको कोर्स हो।**

| | |
|---|---|
| **सिकाइने कुराहरू** | • जापानमा बसोबास गर्नको लागि आवश्यक कुराकानी (सरकारी निकाय, अस्पताल, पोस्ट अफिस, बैंक, ट्रेन, किनमेल, विपद्को बेला वा आपत्कालिन अवस्थामा प्रयोग गरिने जापानी भाषा र भन्ने कुराहरू (AED प्रयोग गर्ने तरिका) आदि)<br>• हिरागाना, काताकाना |
| **सिक्न सक्ने व्यक्ति** | 16 वर्ष वा सोभन्दा  बढीको ओता सहरमा बसोबास गर्ने, काम गर्ने वा ओता सहरको विद्यालयमा जाने विदेशी नागरिक |
| **कहिले** | हरेक आइतबार 1:00 pm देखि 3:00 pm सम्म (कुल 9 पटक)<br>2019 साल अगस्ट 4 तारिख,11 तारिख,18 तारिख, 25 तारिख, सेप्टेम्बर 1 तारिख, 8 तारिख, 15 तारिख, 22 तारिख, 29 तारिख |
| **कहाँ** | स्योहिस्या सेइखाचु सेन्टर (खामाता 5-13-26)<br>पहिलो तल्ला mics ओता क्योसिचु |
| **कति** | 1,500 येन (किताब र अन्य सामाग्रीको खर्च) |
| **कति जना** | पहिले नाम लेखाउने 20 जना |

| | |
|---|---|
| **आवेदन दिने तरिका** | होमपेजद्वारा अथवा बहुभाषी परामर्श डेस्कमा आवेदन दिन सकिन्छ<br>**https://www.ota-goca.or.jp/japaneseclass/**<br>QR कोड |

| | |
|---|---|
| सम्पर्क | (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय शहर ओता संघ<br>Email:mail@ota-goca.or.jp<br>☎ 03-6410-7981　FAX 03-6410-7982 |

# आर्थिक वर्ष 2019 साल “अन्तर्राष्ट्रिय शहर ओता राजदूत (“कूर” ओता सहर राजदूत)” नियुक्त गरियो!

■ जून 20 तारिखमा अमेरिका, चाइना, टर्की, इन्डोनेसिया, स्वीडेन, फिलिपिन्स, ताइवान, इटाली, पाराग्वे, भियतनाम, थाइल्याण्डको गरी 28 जना व्यक्तिहरूलाई “राजदूत” को काम अनुरोध गरियो!

■ “अन्तर्राष्ट्रिय शहर ओता राजदूतहरू (“कूर” ओता वडा राजदूत)” ले ओता सहरको राम्रो कुराहरू र रमाइलो इभेन्टहरूको जानकारी तपाईंहरू लगायतका संसारभरिका मान्छेहरूसम्म पुर्‍याउनेछन्।

■ ओता सहरको होमपेजको “अन्तर्राष्ट्रिय शहर ओता” पृष्ठ पनि हेर्नुहोस्!

**(http://www.city.ota.tokyo.jp/kokusaitoshi/index.html)**




| | |
|---|---|
| सम्पर्क | सम्पर्क<br>अन्तर्राष्ट्रिय शहर, बहुसंस्कृतिक सहजीवन प्रवर्द्धन शाखा<br>☎ 03-5744-1227　FAX 03-5744-1323 |

**आर्थिक वर्ष 2019 देखि अन्तर्राष्ट्रिय शहर ओता संघले “Ota City Navigation” प्रकाशन गरिरहेको छ।**
प्रकाशन (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय शहर ओता संघ
〒143-0023 ओता सहर, सान्नो 2-3-7 ओमोरी शहर निर्माण प्रवर्द्धन सुविधा 4F
☎03-6410-7981　FAX03-6410-7982　URL https://www.ota-goca.or.jp/

इमेल मार्फत तपाईंको राय वा आफूलाई लागेको कुरा पठाउनुहोस्।
**Email : info@ota-goca.or.jp**